**विधान २०...**

**<u>ठेगाना</u>**

**...................**

**को विधान**

**207७**

प्रस्तावना,

........................................................................................................................................................................................................................................................................................."**...............................**" संस्था स्थापना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही यो विधान तर्जुमा गरिएको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

क. यस संस्थाको नाम "......................................................" रहनेछ ।

ख. यस संस्थालाई अंग्रेजीमा "......................................................" भनिनेछ ।

ग. छोटकरीमा यस संस्थालाई "......................................................" भनिनेछ ।

घ. संस्थाको कार्यालय रहने ठेगाना :

यस संस्थाको केन्द्रीय कार्यालय......................................................मा रहनेछ ।

ङ. संस्थाको कार्य क्षेत्र :-

यस संस्थाको कार्यक्षेत्र कञ्चनपुर जिल्ला...................................................... न.पा/गा.पा. वडा नं. ........... हुनेछ । सम्वन्धित स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लामा पनि कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

च. प्रारम्भ :-

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

छ. संस्थाको अस्तित्व :-

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला संगठित, स्वशासित, गैर-नाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । यस संस्थावाट आफ्नो उद्देश्य बाहेक अन्य कुनै किसिमको आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. **परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

क. 'विधान' भन्नाले यस "......................................................" को विधानलाई सम्झनु पर्दछ ।

ख. 'संस्था' भन्नाले "......................................................" लाई जनाउने छ ।

ग. 'नियमावली' भन्नाले यस विधान बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्नेछ ।

घ. 'नियम' भन्नाले यस विधान बमोजिम बनेको नियमलाई सम्झनु पर्नेछ ।

ङ. 'विनियम' भन्नाले यस विधान बमोजिम बनेको विनियमलाई सम्झनु पर्नेछ ।

च. 'तोकिए बमोजिम' भन्नाले यस विधान र नियमावलीमा तोकिए वमोजिम सम्झनु पर्दछ ।

छ. 'पदाधिकारी' भन्नाले यस विधान अन्तर्गत गठित कार्य समितिको पदाधिकारीलाई जनाउने छ।

ज. 'स्थानीय अधिकारी' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउने छ ।

झ. 'समिति' वा 'कार्य समिति' भन्नाले यस विधान वमोजिम गठित कार्य समितिलाई जनाउने छ ।

ञ. 'स्थानीय तह' भन्नाले गाउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ ।

ट. 'संस्थापक सदस्य' भन्नाले यो संस्था दर्ता हुँदाका वखतका पदाधिकारीलाई सम्झनु पर्दछ ।

ठ. 'सभा' भन्नाले वार्षिक साधारण सभा र विशेष सधारण सभालाई समेत जनाउनेछ ।

ड. 'सदस्य' भन्नाले यस विधान वमोजिम वनेका सदस्यता प्राप्त व्यक्तिलाई जनाउनेछ ।

ढ. 'सल्लाहकार' भन्नाले यस विधान वमोजिम गठित कार्यसमिति वा सिंगो सदस्यहरुलाई उल्लेखित उद्देश्यहरु पुरा गर्न आवश्यक सर-सल्लाह र सहयोग गर्ने कार्यसमितिले निर्णय गरी तोकेको व्यक्तिलाई जनाउँदछ ।

ण. 'विषयगत निकाय' भन्नाले सम्वन्धित सरकारी, सार्वजनिक वा अन्य केन्द्रियस्तर, प्रदेशस्तर, जिल्ला स्तर, स्थानीयतह समेतका कार्यालय वा संस्थालाई जनाउँदछ ।

३. **संस्थाको छाप र चिन्ह :-**

नेपाल कानुनको प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी यस संस्थाको एउटा छुट्टै छाप र चिन्ह अनुसूचि-१ बमोजिमको ढाँचामा हुनेछ । संस्थाको नाम, छाप र चिन्ह यो संस्था भन्दा पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा नियमानुसार संशोधनको प्रक्रिया पुरा गरी तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद -२
## उद्देश्य

**४.** **<u>संस्थाको उद्देश्य :-</u>**

यस संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ :-

क. यो संस्था नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही पूर्ण मुनाफारहित र जनहितकारी सामाजिक संस्था हुनेछ ।
ख. ........................................................
ग. ........................................................
घ. ........................................................
ङ. ........................................................

**५.** **<u>संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-</u>**

क. यो संस्थाले प्रचलित नेपालको कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी दफा ४ वमोजिमको उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख. यस संस्थालाई आवश्यक पर्ने भवन निमार्ण गर्ने वा भाडामा लिने, कार्यालय सञ्चालका लागि आवश्यक पर्ने न्यूनतम सामान जस्तै टेलिफोन, कम्प्युटर, फर्निचर आदि खरिद गर्नेछ र संस्थालाई सवारी साधनको आवश्यकता महशुस भएमा नियमानुसारको आवश्यक प्रक्रिया पुरा गरी सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्न सक्ने छ ।

ग. संस्थाको नामममा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी वैंकिङ कारोवारबाट मात्र खर्च गरिने छ ।

घ. यस संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने र तिनको सेवा शर्तहरु निर्धारण गर्ने छ ।

ङ. संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कुराहरुका विषयमा नेपालको प्रचलित कानुन र यस विधानको अधिनमा रही कार्यसमितिको सदस्यहरु वीच छलफल गरी निर्णय गरिने छ ।

**<u>५.१ संस्था संचालन गर्न गरिएका प्रतिबद्धताहरुः</u>**

क) सरकारी निकायका स्वीकृत लिई गर्नु पर्ने कार्यक्रमको हकमा अनिवार्य स्वीकृति लिइने छ ।

ख) देशमा दैवी प्रकोप वा अन्य समस्या आई परेमा आवश्यकतानुसार सक्दो सहयोग गरिनेछ ।

ग) यस संस्थाको उद्देश्य पुरा गर्न बन्द, हडताल, चक्काजाम गरिने छैन । दातृनिकाय,संस्था वा अन्य देशहरु संग गरिएका दौत्य सम्बन्धमा असर पुग्ने गतिविधी गर्न पाउने छैन ।

घ) चन्दा लगायत अनियमित आर्थिक कारोबार गरिने छैन ।

ङ) सूचनाको हक सम्बन्धी ऐन २०६४ को पूर्ण रुपमा पालना गरिनेछ ।

## परिच्छेद -३
## सदस्यता

**६.** **सदस्यताको वर्गीकरण :-**

सदस्यको वर्गीकरण देहाय वमोजिम ४ (चार) प्रकारमा गरिएको छ :-

क. <u>साधारण सदस्य :-</u>

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया पुरा गरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख. <u>संस्थापक सदस्य :-</u>

यो संस्था दर्ता हुँदाको वखतका पदाधिकारीहरु संस्थापक सदस्य हुने छन् । संस्थापक सदस्यले विधान बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

ग. <u>आजीवन सदस्य :-</u>

संस्थाको विकासका लागि विशेष योगदान तथा सहयोग पुर्‍याउने नेपाली नागरिकलाई आवश्यक प्रकृया पुरा गरी (तोकिएको शुल्क समेत) आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

घ. <u>मानार्थ सदस्य :-</u>

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ट, समाजसेवी वा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुलाई मताधिकार रहने छैन ।

**७.** **<u>सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-</u>**

क. नेपाली नागरिक हुनु पर्ने ।

ख. मानसिक सन्तुलन नगुमाएको ।

ग. १८ वर्ष उमेर पुरा भएको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

च. प्रचलित कानूनले अयोग्य ठहर नगरेको ।

८. **<u>संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल हुन नसक्ने अवस्था :-</u>**

क. गैर नेपाली नागरिक ।

ख. १८ वर्ष उमेर पुरा नभएको ।

ग. मगज विग्रेको वा बौलाएको ।

घ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

ङ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

च. सम्बन्धित संस्थामा निजी स्वार्थ भएको ।

छ. साहुको दामासाहीमा परेको ।

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको, आफ्नो जिम्मा रहेको संस्थाको नगदी वा जिन्सी सामान अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुरदार ठहरी सजाय भुक्तान गरेको एक वर्ष पूरा नभएको ।

९. **<u>सदस्यता समाप्तिः-</u>**

देहायको अवस्थामा कुनै पनि सदस्य यस संस्थामा बहाल रहने छैन :-

क. यस विधानको दफा ८ बमोजिमको सदस्य हुन नसक्ने ठहर भएमा ।

ख. साधारण सभाको २/३ (दुई तिहाई) सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

घ. संस्थाको काम कार्वाहीमा बेईमानी वा बदनियत ढंगले संस्थाको हित विपरित हुने कार्य गरेको अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च. सदस्यता शुल्क नबुझाएमा ।

छ. संस्था विघटन भई खारेज भएमा ।

नोटः- कुनै ब्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेश गर्ने मौका दिईने छ ।

१०. **<u>सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-</u>**

देहाय वमोजिम तोकिएको शुल्क तिरी दफा ७ वमोजिमको योग्यता पुगेको व्यक्तिले दफा ६ वमोजिमको सदस्यता प्राप्त गर्न सक्नेछ ।

क. <u>साधारण सदस्य :-</u>

अ. साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बाफत रु ..... (अक्षरेपी............मात्र) बुझाई तोकिएको प्रकिया अनुसार आवेदन पेश गर्ने व्यक्तिलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ ।

आ. त्यस्ता साधारण सदस्यले प्रत्येक वर्ष वार्षिक नविकरण शुल्क रु ......... (अक्षरेपी............मात्र) बुझाई सदस्यता नविकरण गराउनु पर्नेछ ।

इ. साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्षको <u>असार</u> महिनाको मसान्त भित्र नवीकरण गराई सक्नु पर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नवीकरण गर्न सक्ने छ ।

ख. <u>संस्थापक सदस्य :-</u>

संस्था दर्ता हुँदाको बखत गठित तदर्थ समितिमा रहने पदाधिकारी यस संस्थाको संस्थापक सदस्य हुनेछ । यस्तो संस्थापक सदस्यले संस्था दर्ता भएको मितिले..........दिन भित्र तोकिएको सदस्यता शुल्क रु............. वुझाउनु पर्नेछ ।

ग. <u>आजीवन सदस्य :-</u>

संस्थाको आजीवन सदस्य बन्न चाहने व्यक्तिबाट तोकिएको प्रकृया पुरा गरी आजीवन सदस्यता शुल्क बाफत रु..................... ।-(अक्षरेपी ..................... मात्र) लिई आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

घ.मानार्थ सदस्य :-

साधारण सभाको निर्णयले उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी, प्रतिष्ठित नेपाली नागरिकलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।यस्ता सदस्यहरुको सदस्यता शुल्क र नविकरण शुल्क लाग्ने छैन

ङ. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम, विनियम बमोजिम भएको व्यवस्था अनिवार्य रुपमा पालना गर्नु पर्ने छ ।

च. यदि संस्थाले कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा संस्थाबाट सो को कारण सहितको जानकारी सम्बन्धित आवेदकलाई दिइने छ

छ.तोकिएको ढाँचामा दफा १० अनुसारका सदस्यहरुको अभिलेख पुस्तिका छुट्टै राखिने_छ ।

## परिच्छेद :- ४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी ब्यवस्था

**११. साधारण सभाको गठन:-**

क. यस संस्थाको विधानको दफा ७ अनुसारको योग्यता पुगी सदस्यता प्राप्त गर्ने मानार्थ सदस्य बाहेकका अन्य सम्पूर्ण सदस्यहरु रहेको साधारण सभा गठन हुने छ, मानार्थ सदस्य आमन्त्रित हुने छन्, साधारण सभा संस्थाको सर्वोच्च अंग हुने छ ।

ख. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

अ. विशेष साधारण सभा :-

संस्थाको कूल सदस्य संख्याको एक चौथाइ सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा कार्यसमितिले कम्तीमा ७ दिनभित्र अनिवार्य रुपमा विशेष साधारण सभा बोलाउनु पर्ने छ तर साधारण सभा वा विशेष साधारण सभा बसेको मितिले ६ महिना भित्र पुनः विशेष साधारण सभा बोलाउन सकिने छैन ।

आ. वार्षिक साधारण सभा :-

प्रत्येक आ.व.मा वर्षको एक पटक वार्षिक साधारण सभा अनिवार्य रुपमा वस्नेछ ।

ग. संस्थाको प्रथम वार्षिक साधारणसभा संस्था स्थापना भएको मितिले ६ (छ) महिना भित्रमा गरिने छ र त्यस पछिका वार्षिक साधारण सभाहरु प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

घ. वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभाका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति र छलफल गर्ने विषय उल्लेख गरी सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपमा सूचना दिइने छ ।

ङ. दफा ११ को उपदफा (घ) वमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा दफा १८ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात (७) दिनको म्याद दिई पुनः साधारण सभा बोलाइने छ ।

च. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पूस्तिका राखिने छ ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकार:-**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

क. कार्य समितिले पेश गरेको योजना, कार्यक्रम र वार्षिक बजेट पारित गर्ने ।

ख. लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट औंल्याएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्यौंट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग. आगामी आ.व.को लागि लेखापरीक्षक नियुक्त गर्ने ।

घ. संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने

ङ. संस्थाको कार्य समितिको पदाधिकारीहरुको पदावधि पूरा भएको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिम प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च. कार्य समितिद्वारा पेश भएको विधान संशोधन र नियम तथा विनियम स्वीकृत गर्ने ।

छ. मानार्थ सदस्यता प्रदान गर्ने ।

ज. संस्थाको आफ्नो आन्तरिक श्रोतवाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्य समितिको गठन :-**

क. साधारण सभाका सदस्यहरुबाट निर्वाचित तपसिलका पदाधिकारीहरु रहने ..........(...........) सदस्यीय एक कार्यसमिति गठन गरिने छ :-

तपसिल

| | |
|---|---|
| अध्यक्ष | - १ जना |
| उपाध्यक्ष - | -१ जना |
| कोषाध्यक्ष | - १ जना |
| सचिव | - १ जना |
| सदस्य | - ..... जना |

जम्मा - ......जना

ख. कार्य समितिको कार्यकाल २ (दुई)वर्षको हुने छ ।

ग. कार्य समितिको बैठक आवश्यकतानुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभई कार्य समितिको बैठक बस्ने छैन ।

घ. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिको सदस्यको मनोनयन/निर्वाचन कार्यसमितिद्वारा गर्न सकिने छ । यसरी सो पदमा मनोनित/निर्वाचित भएको सदस्यको कार्यकाल जुन सदस्यको पद रिक्त भएको हो सो सदस्यको बाँकी कार्यकालसम्मका लागि मात्र हुने छ । तर अन्य पदहरुको लागि विधान वमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पदपूर्ति गरिनेछ ।

ङ. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा वैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

च. कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ । मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

छ. कार्य समितिको वैठकमा छलफल भएको विषयलाई आवश्यकता अनुसार निर्णय गरी छुट्टै निर्णय पुस्तीकामा राखिनेछ र सो निर्णयमा वैठकमा उपस्थित भएका सम्पूर्ण सदस्यहरुले सहीछाँप गर्नु पर्नेछ । निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सहीछाँप गर्नु पर्ने छ।

ज. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले नियमानुसार गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यो काम बैठक विना पनि गर्न सकिने छ ।

झ. यस संस्थाको कार्यसमितिको वैठक .........महिनामा एक पटक वस्नेछ ।

ञ. संस्थाले गर्ने भनिएका सम्पूर्ण काम कारवाहीहरु कार्य समितिको निर्णयबाट हुने छ ।

**१४. <u>कार्य समितिको काम, कर्तब्य र अधिकार :-</u>**

कार्य समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ :-

क. संस्थाको आगामी वर्षको वार्षिक नीति, कार्यक्रम तथा अनुमानित वजेट तयार गरी साधारण सभामा प्रस्तुत गर्ने ।

ख. साधारण सभाको नीति, निर्देशन तथा निर्णयको कार्यान्वयन गर्ने ।

ग. संस्थाको हितमा हुने कार्यक्रम संचालन गर्ने ।

घ. साधारण सभा प्रति उत्तरदायी रहने ।

ङ. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

च. संस्थालाई वार्षिक रुपमा सम्वन्धित निकायमा नविकरण गराउने ।

छ. संस्थाको कार्य सम्पादन गर्नका लागि कार्ययोजना वनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

ज. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र वैंक खाता खोली सञ्चालन गर्ने ।

झ. संस्थाको विधान अनुसार निर्वाचन सम्पन्न गराउन योग्य निर्वाचन अधिकृत नियुक्त गर्ने ।

ञ. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध स्रोत साधनको अधिकतम उपयोग र प्रयोग गर्ने ।

ट. संस्थाको लागि आवश्यक कर्मचारी नियुक्त गर्ने र निजहरुको सेवा सुबिधा तथा पारिश्रमिक सम्वन्धी नियमावली वनाई साधारण सभावाट स्वीकृत गराई लागु गर्ने, गराउने ।

ठ. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिको सल्लाहकार समिति, आवश्यकता अनुसार अन्य समिति, उपसमिति गठन गरी कार्य वाँडफाँड गरी दिने ।

**१५. <u>पद त्याग गर्न सक्ने :-</u>**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्ने छन् ।

**१६. <u>अन्य समितिहरु :-</u>**

क. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनका लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमिति गठन गर्न सक्नेछ तर साधारण सभाको वैठकद्वारा अनुमोदन गराउनु पर्ने छ ।

ख. उपसमितिका कार्यहरु कार्य समितिले तोकीदिए वमोजिम हुनेछ ।

## <u>परिच्छेद ५</u>

## पदाधिकारीको काम, कर्तव्य र अधिकार

**१७. <u>पदाधिकारीको काम, कर्तव्य र अधिकार</u> :-**

कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :-

क. अध्यक्षको काम, कर्तव्य र अधिकार

अ. संस्थाको प्रमुख व्यक्तिको हैसियतले संस्थाको महत्वपूर्ण तथा अन्तिम जिम्मेवारी लिने ।

आ. कार्य समिति र सभाको बैठकको अध्यक्षता गर्ने, वैठक सञ्चालन गर्ने ।
इ. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
ई. संस्थाको नेतृत्व लिने ।
उ. संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षण तथा रेखदेख गर्ने ।
ऊ. संस्था सम्वन्धि काम कारवाहीको प्रतिवेदन सम्वन्धित निकाययमा पेश गर्ने ।
ऋ. अन्य पदाधिकारी एवं सदस्यहरुको कामको वाँडफाँड गर्ने ।
ऌ. संस्थाको हितका लागि काम गर्ने ।
ऍ. कार्य समितिको बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।
ऐ. निर्णायक मत दिने ।
ए. अभिलेख प्रमाणित गर्ने ।

ख. उपाध्यक्षको काम, कर्तब्य र अधिकार :-
अ. अध्यक्षको अनुपस्थितिमा संस्थाको सम्पुर्ण जिम्मेवारी उपाध्यक्षले निर्वाह गर्ने छ ।
आ. अध्यक्षलाई अन्य काममा सहयोग गर्ने ।

ग. सचिवको काम, कर्तव्य र अधिकार :-
अ. अध्यक्षको निर्देशन अनुसार कार्य समितिको बैठक बोलाउने ।
आ. बैठकको माईन्युट (निर्णय पुस्तिका) लगायत अन्य महत्वपूर्ण अभिलेख सुरक्षित राख्ने ।
इ. अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।
ई. संस्थाको सचिवालय सञ्चालन गर्ने र रेखदेख समेत गर्ने ।

घ. कोषाध्यक्षको काम, कर्तब्य र अधिकार :-
अ. संस्थाको कोषको रेखदेख तथा संचालन गर्ने ।
आ. साधारण सभामा वार्षिक आय ब्यय विवरण पेश गर्ने ।
इ. नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने ।
ई. आय ब्यय विवरण चुस्त दुरुस्त राख्ने ।
उ. दैनिक आर्थिक कारोवार संचालन गर्ने ।
ऊ. वार्षिक आर्थिक प्रतिवेदन पेश गर्ने ।
ऋ. वार्षिक बजेट तयार गर्ने ।

ङ. सदस्यको काम, कर्तब्य र अधिकार :-
अ. समितिको बैठकमा सकृय सहभागिता जनाउने ।
आ. संस्थाको हित तथा निर्णय कार्यान्वयनमा रचनात्मक भुमिका निवार्ह गर्ने ।
इ. अध्यक्षले तोकी दिएका अन्य जिम्मेवारी पुरा गर्ने ।

१८. **गणपुरक संख्या :-**

क. कुल सदस्य संख्याको २/३(दुई तिहाई) साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कार्वाही हुने छैन ।
ख. तर विधानको दफा ११ को (ङ) मा उल्लेख भए वमोजिम पुनः वोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१% साधारण सदस्यहरु उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक ब्यवस्था

१९. **संस्थाको कोष :-**

क. यस संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछ :-
अ. सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क वापत प्राप्त भएको रकम ।
आ. दान दातब्य, उपहार, आदिवाट प्राप्त रकम ।
इ. सरकारी, गैह्र सरकारी, राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ निकायवाट प्राप्त विभिन्न अनुदान वा सहयोग वापत प्राप्त रकम ।

ख. अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट सहयोग लिनु पूर्व समाज कल्याण परिषदको पूर्व स्वीकृति अनिवार्य रुपमा लिईनेछ ।
ग. संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी वैंक खाता सञ्चालन गरिने छ ।

२०. **खाता संचालन :-**

यस संस्थाको वैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन गरिनेछ । तदर्थ समिति/कार्य समितिको निर्णय वमोजिम अधिकार प्रत्यायोजन गर्न सक्ने छ । प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने र खर्चको स्रेस्ता राख्ने ब्यवस्था मिलाईनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका:-**

यस संस्थाको कोषमा जम्मा भएको रकम देहाय वमोजिमको तरिका अपनाई खर्च गरिनेछ :-

क. संस्थाको वार्षिक वजेट, योजना र कार्यक्रम स्वीकृत नगरी कोषवाट रकम खर्च गर्न सकिने छैन ।

ख. साधारण सभावाट पारित वजेट तथा कार्यक्रमको अधिनमा रहि कोषवाट रकम खर्च गरिने छ ।

ग. कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

घ. कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नुपर्ने छ ।

**२२. संस्थाको लेखा र लेखा परीक्षण :-**

क. संस्थाको आय ब्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट तवरले राखिनेछ ।

ख. संस्थाको लेखा परीक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परीक्षकवाट हुनेछ ।

ग. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीबाट संस्थाको हिसाव किताव जांच गर्न/गराउन सक्नेछ ।

घ. लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभावाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

ङ. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति विवरण अनिवार्य रुपमा १/१ एक प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद र सम्वन्धित निकायहरुमा पेश गरिनेछ ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव र विधान संशोधन सम्बन्धी ब्यवस्था

**२३. निर्वाचन सम्बन्धी ब्यवस्था:-**

क. कार्य समितिको सहमतिद्वारा कार्य समितिको निर्वाचन प्रयोजनका लागि वढीमा तीन सदस्यीय एक निर्वाचन समितिको गठन गरिनेछ ।

ख. निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै ब्यवस्थित गर्ने छ ।

ग. निर्वाचन सम्बन्धि कुनै विवाद उत्पन्न भएमा निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।

घ. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

**२४. उम्मेदवार हुने योग्यता :-**

कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्ने छ :-

क. विधानको दफा ७ को योग्यता पुगेको ।

ख. सदस्यता वहाल रहेको हनु पर्दछ ।

ग. संस्थालाई तिर्नु पर्ने दायित्व पुरा गरेको ।

घ. नेपालको प्रचलित कानून अनुसार फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति ।

**२५. अविश्वास प्रस्ताव :-**

क. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो? सो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ :

अ. नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

आ. प्रस्तावको विषय स्पष्ट र ब्यवहारिक हुनु पर्छ ।

इ. साधारण सभाका सदस्यहरु मध्येवाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहितको विवरण खुलाई सहिछाप भएको हुनु पर्छ ।

ख. दफा २५(क) वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति र समय समेतको सुचना दिईनेछ ।

ग. अविश्वासको प्रस्ताव माथि छलफलको प्रकृया :-

अ. साधारण सभामा अध्यक्षले दफा २५(क) वमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने मध्ये एक जना सदस्यले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको अभिमत साधारण सभा समक्ष प्रस्तुत गर्नेछ ।

आ. दफा २५ ग (अ) वमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यहरुले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने वढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्ने छ ।

इ. दफा २५(क) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरुद्ध प्रस्तुत गरिएको हो, सो विषयमा अध्यक्षता गर्ने ब्यक्तिले त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिनेछ ।

घ. अविश्वासको प्रस्ताव माथि निर्णय :-

अ. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने ब्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा के मा छ? भन्ने निर्णयको लागि देहाय वमोजिम कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछः-

i. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर, वा

ii. साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष/विपक्षमा गोप्य मतदान गराएर

आ. साधारण सभाको कुल सदस्य संख्याको २/३(दुई तिहाई) वहुमतबाट अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका ब्यक्तिहरु पदमुक्त हुनेछन् ।

इ. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो ब्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६. विधान संशोधन :-**

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभाको सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीवाट स्वीकृत भए पश्चात मात्र विधानको कुनै दफा खारेज वा संशोधन भएको मानिने छ ।

**२७. नियम वनाउन सक्ने :-**

क. नेपालको प्रचलित कानुनसंग नबाँझिने गरि संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम यस विधानको अधिनमा रही वनाउन सक्नेछ । सो नियम साधारण सभाबाट पारित गरी लागु हुने छ । यसरी पारित भएको नियम अनिवार्य रुपमा स्थानीय अधिकारीलाई समेत जानकारी गराउनु पर्ने छ ।

ख. यो विधान र अन्तर्गत वनेको नियमको अधिनमा रहि संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था, आर्थिक प्रशासन सम्वन्धि विनियम वनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

**२८. कर्मचारीको ब्यवस्था :-**

क. संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि आवश्यक कर्मचारी दरवन्दी सृजना गरी नियुक्त गर्ने र निजहरुको सेवा सुबिधा तथा पारिश्रमिक सम्वन्धी नियमावली वनाई साधारण सभावाट स्वीकृत भए अनुसार गर्ने ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरि कार्यक्रम संचालन र कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण खोली समाज कल्याण परिषदवाट स्वीकृति लिए पश्चातको विवरण स्थानीय अधिकारी, समाज कल्याण परिषद र सम्वन्धित निकायहरुमा अनिवार्य रुपमा उपलब्ध गराईनेछ ।

**२९. संस्था खारेजी :-**

क. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेज गर्न सक्नेछ ।

ख. दफा २९ (क) वमोजिम संस्था खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटर र संस्थाको हिसाव किताव गर्नका लागि एक वा एक भन्दा वढी लेखापरीक्षक नियुक्त गर्ने छ ।

ग. दफा २९(ख) वमोजिम नियुक्त लिक्विडेटर र लेखा परीक्षकहरुको पारिश्रमिक प्रचलित कानूनको परिधि भित्र रही साधारण सभाले तोकि दिए वमोजिम हुनेछ ।

घ. यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरि वाँकी रहने सम्पुर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३०. ब्याख्या :-**

यो विधान र विधान अन्तरगत वनेको नियम विनियमको ब्याख्या गर्ने अधिकार कार्य समितिको हुने छ।

३१. **गोप्यता भंग गर्न नहुने :-**

यस संस्थाका कुनै पनि अधिकारी वा सदस्यले संस्थाको अहित हुने गरी गोप्यता भंग हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाईने छैन ।

३२. **ऐन अनुसार हुने :-**

यस विधानमा उल्लेख नभएका कुराहरु नेपालको प्रचलित कानुन वमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानुनसंग वाँझिन गएमा वाँझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

३३. **निर्देशनको पालना :-**

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशन पालना गर्नु संस्थाको कर्तब्य हुनेछ ।

३४. **तर्दथ समितिको काम, कर्तव्य :-**

क. यो संस्था स्थापना गरि दर्ता गराउनको लागि गठित तर्दथ समितिले संस्था दर्ता भएको मितिले ६ महिना भित्र साधारण सभा वोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनु पर्ने छ ।

ख. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ समितिले गरेका काम कार्वाहीहरु यसै विधान सरह भएको मानिने छ ।

३५. **नाम नामेसी :-**

हामी ".........................." नामक संस्थाका निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीहरुको रोहवरमा विधानमा सहीछाप गर्दछौ ।

| सि.नं. | नामथर | पद | ठेगाना | शैक्षिक योग्यता | पेशा | अनुभव | सम्पर्क नं. | फोटो | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |

**;flfLsf] gfd, y/ / 7]ufgf M**

| सि.नं. | नामथर | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

=

## अनुसूचि-१.

यस "................................." नामक संस्थाको छाप र चिन्ह तपसिल वमोजिम हुने छ :-

------------------------------oooooooooooooooooooo------------------------------------